# एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०

मन्त्रालयबाट स्वीकृत मिति: २०८०/०१/२६

<u>प्रस्तावना</u> : रोजगार सेवा केन्द्रबाट नागरिकलाई व्यावसायिक सीप विकास, रोजगार प्रवर्द्धन, उत्पादनशील रोजगार सिर्जना, उद्यमशीलता प्रवर्ध्दन, आप्रवासन लगायतका श्रम तथा रोजगार सम्बन्धी सेवा तथा सुविधा स्थानीय तहबाट एकीकृत रुपमा प्रदान गर्न तथा नमूना रोजगार सेवा केन्द्र सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले,

रोजगारको हक सम्बन्धी ऐन, २०७५ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यो कार्यविधिको नाम "एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u> : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले रोजगारको हक सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "निर्देशिका" भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले रोजगारको हक सम्बन्धी नियमावली, २०७५ सम्झनु पर्छ।

(घ) "बेरोजगार सहायता कार्यक्रम" भन्नाले ऐनको दफा २० र नियमावलीको नियम १७ ले तोके बमोजिममा क्षेत्रमा सञ्चालन भएका नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले सञ्चालन गरेका कार्यक्रमलाई सम्झनु पर्छ।

(ङ) "नमूना रोजगार सेवा केन्द्र" भन्नाले ऐनको दफा १० बमोजिम स्थानीय तहमा सञ्चालनमा रहेको र मन्त्रालयले नमूना रोजगार सेवा केन्द्रको रुपमा सञ्चालन हुने गरी तोकेको रोजगार सेवा केन्द्रलाई सम्झनु पर्छ।

(च) "न्यूनतम रोजगार" भन्नाले ऐनको दफा २ को बुँदा (ग) मा उल्लेख भएको रोजगार अवधिलाई सम्झनु पर्छ।

(छ) "रोजगार सेवा केन्द्र" भन्नाले ऐनको दफा १० बमोजिम स्थानीय तहमा सञ्चालनमा रहेको रोजगार सेवा केन्द्रलाई सम्झनु पर्छ।

(ज) "पुनःएकीकरण" भन्नाले वैदेशिक रोजगारबाट फर्किएका नागरिकलाई उनीहरुले वैदेशिक रोजगारबाट प्राप्त गरेको सीप, पूँजी र प्रविधिलाई उनीहरूको हित वा राष्ट्रको हितमा प्रयोग गर्ने वा उनीहरुलाई आर्थिक, सामाजिक र पारिवारिक रुपमा पुनर्मिलन वा पुनर्स्थापना वा एकीकरण गर्ने कार्य सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।

(ञ) "स्थानीय तह" भन्नाले गाँउपालिका र नगरपालिकालाई सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिकालाई समेत बुझाउछ।

## परिच्छेद-२

## एकीकृत श्रम तथा रोजगारमूलक सेवा सञ्चालन सम्बन्धी व्यवस्था

३. **श्रम तथा रोजगारमूलक सेवाको सञ्चालन :** (१) रोजगार सेवा केन्द्रले एकीकृत श्रम तथा रोजगार सेवा प्रदान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रोजगार सेवा केन्द्रले देहायका सेवाहरु उपलव्ध गराउनु पर्नेछ:-

(क) सूचना सङ्कलन, समन्वय, रोजगार सिर्जना तथा रोजगारमा पदस्थापना।

(ख) सीपमूलक तथा क्षमता विकासका क्रियाकलापको संयोजन तथा सञ्चालन।

(ग) वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न आवश्यक सहजिकरण तथा परामर्श।

(घ) वैदेशिक रोजगारबाट फर्केका श्रमिकको सामाजिक र आर्थिक पुन: एकीकरण सम्बन्धी क्रियाकलापहरु।

(ङ) स्वरोजगारका लागि उद्यमशीलता विकास तथा व्यावसायिक योजना निर्माणमा सहयोग।

(च) स्थानीय तहमा पहुँच भएका श्रम र रोजगार सम्बन्धी सूचना प्रणाली सञ्चालन र विवरण अद्यावधिक गर्ने।

(३) एकिकृत श्रम तथा रोजगार सेवा सञ्चालनका लागि स्थानीय तहको माग र आवश्यकता अनुसार उपदफा (२) बमोजिमका सेवाहरुलाई आवश्यकता अनुसार लागू गर्न सक्नेछ।

४. **नमूना रोजगार सेवा केन्द्रको सञ्चालन :** (१) मन्त्रालयले आवश्यकता र मागको आधारमा श्रम बजार प्रवर्द्धन तथा विस्तार गर्न तोकिएका स्थानीय तहलाई नमूना रोजगार सेवा केन्द्रको रुपमा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम छनौट भएका स्थानीय तहहरुमा नमूना रोजगार सेवा केन्द्रको सञ्चालन गरी सो को सिकाइका आधारमा क्रमश: अन्य स्थानीय तहहरुमा विस्तार गर्न सकिनेछ।

५. **नमूना रोजगार सेवा केन्द्रका क्रियाकलाप र मापदण्ड :** (१) नमूना रोजगार सेवा केन्द्रले प्रदान गर्ने सेवाको प्रभावकारी कार्यान्वयनको लागि दफा ३ बमोजिम सेवाहरुका अतिरिक्त देहायका क्रियाकलापहरु सञ्चालन गर्नेछ:-

(क) रोजगारका अवसरका सम्बन्धमा नागरिकलाई जानकारी दिई रोजगारमा संलग्न हुन अभिप्रेरित गर्ने,

(ख) रोजगारमूलक व्यावसायिक सीप विकासका क्रियाकलाप सञ्चालन गर्ने,

(ग) बेरोजगार व्यक्तिलाई रोजगार सम्बन्धी परामर्श दिने र रोजगारमा पदस्थापना गर्ने व्यवस्था मिलाउने,

(घ) आन्तरिक रोजगार र वैदेशिक रोजगार सम्बन्धी अभिमूखिकरण, सूचना प्रवाह र प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने,

(ङ) स्थानीय तहलाई रोजगारमूलक आयोजना वा क्रियाकलाप तर्जुमा र कार्यान्वयन गर्न सहयोग गर्ने,

(च) श्रम बजारको माग बमोजिम श्रमिकको सीप तथा क्षमता अभिबृद्धि गर्ने,

(छ) स्थानीय रोजगारदाताको मागको आधारमा सीप तथा क्षमता विकासका क्रियाकलाप सञ्चालन गर्ने,

(ज) स्थानीय स्तरमा उद्यमशीलता विकास तथा स्वरोजगारमूलक सेवाको विस्तार गर्ने,

(झ) रोजगारको खोजीमा रहेका बेरोजगार व्यक्तिहरुलाई रोजगार विनिमय सेवा प्रदान गर्ने,

(ञ) वैदेशिक रोजगारमा जाने श्रमिकको श्रम स्वीकृति र पुन: श्रम स्वीकृतिमा सहजिकरण गर्ने,

(ट) स्थानीय तहमा रोजगारको क्षेत्र तथा श्रमिकको आवश्यकता सम्बन्धी जानकारी दिने,

(ठ) मन्त्रालय र मातहतका निकाय, अन्य मन्त्रालय, प्रदेश सरकारका मन्त्रालय वा अन्य संस्थाबाट सञ्चालन हुने श्रम, रोजगार, वैदेशिक रोजगार, सुरक्षित आप्रवासन, पुनर्स्थापना र पुन: एकिकरण सम्बन्धी कार्यक्रमको सञ्चालनमा समन्वय, सहकार्य र सहजीकरण गर्ने,

(२) नमूना रोजगार सेवा केन्द्र सञ्चालनका लागि न्यूनतम् भौतिक पूर्वाधार र उपकरण अनुसूची-१ बमोजिम हुनु पर्नेछ।

## परिच्छेद-३
## श्रम तथा रोजगारमूलक सेवाको अभिलेखाङ्कन

६. **रोजगारदाताको अभिलेख राख्ने :** (१) रोजगार सेवा केन्द्रले आफ्नो स्थानीय तह भित्र रहेका उद्योग प्रतिष्ठान र रोजगारदाताको सूची अद्यावधिक गर्नु पर्नेछ।

(२) उपदफा (१) का अतिरिक्त रोजगार सेवा केन्द्रले स्थानीय तहमा सरकारी, गैरसरकारी निकाय वा सङ्घ संस्था तथा अन्य निकायबाट सिर्जना हुन सक्ने रोजगार सम्बन्धी सूचनाको आँकलन गर्नु पर्नेछ।

(३) रोजगार सेवा केन्द्रले रोजगारको सम्भाव्यताको विश्लेषण गरी रोजगारको क्षेत्र तथा अवसरहरुको नक्साङ्कन र अभिलेखाङ्कन गर्नु पर्नेछ।

७. **<u>श्रमिक तथा सीपको अभिलेख राख्ने</u>** : (१) रोजगार सेवा केन्द्रले रोजगारदातासँगको परामर्श र समन्वयमा रोजगारदातालाई आवश्यक पर्ने श्रमिक र सीप क्षमता सम्बन्धी मागको विवरण अद्यावधिक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मागको आधारमा रोजगार सेवा केन्द्रले श्रमिकलाई रोजगारमा पदस्थापना हुने गरी आवश्यक रोजगार योजना तर्जूमा गर्नु पर्नेछ।

८. **<u>रोजगारमूलक सेवाको अभिलेख राख्ने</u>** : रोजगार सेवा केन्द्रले रोजगारमूलक सीप विकास, सहुलियतपूर्ण कर्जा, वित्तीय साक्षरता, उद्यमशिलता, परामर्श समेतका सेवा तथा सुविधाहरुको पहिचान गरी एकिकृत अभिलेख राख्नु पर्नेछ।

९. **<u>स्वरोजगारको सम्भाव्यता पहिचान गर्ने</u>** : (१) रोजगार सेवा केन्द्रले स्थानीय तहमा स्वरोजगारको अवसर तथा सोको लागि आवश्यक श्रोत तथा साधनको पहिचान गर्नु पर्नेछ।

(२) स्थानीय तहले उपदफा (१) बमोजिम पहिचान भएका स्वरोजगारलाई सहयोग गर्ने सघं संस्थाहरुको विवरण अद्याधविक गर्नु पर्नेछ।

१०. **<u>रोजगार रणनीति तर्जुमा गर्ने</u>** : रोजगार सेवा केन्द्रले यस परिच्छेदमा उल्लेख भएका विवरणहरु समेटी स्थानीय तहको रणनीति तर्जुमा र कार्यान्वयन गर्नु पर्नेछ।

## परिच्छेद-४
## <u>एकिकृत श्रम तथा रोजगार सेवाको प्रवाह</u>

११. **<u>न्यूनतम रोजगारका लागि सूचिकृत व्यक्तिलाई प्राथमिकता दिनु पर्ने</u>** : (१) ऐन, नियमावली तथा निर्देशिकाले तोके बमोजिम न्यूनतम रोजगार तथा बेरोजगार सहायता प्रदान गर्दा न्यूनतम रोजगारका लागि सूचिकृत बेरोजगार व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ।

(२) न्यूनतम रोजगारमा असहाय, जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा विपन्न व्यक्तिलाई न्यूनतम रोजगारमा समावेश गराउन बेरोजगार व्यक्तिको सूचिकरणको लागि आवेदन फाराम भर्न सहयोग गर्नु पर्नेछ।

(३) रोजगार सेवा केन्द्रले न्यूनतम रोजगारका लागि इच्छुक सूचिकृत बेरोजगार व्यक्तिको हकमा दफा १२ को उपदफा (१) बमोजिमको वैयक्तिक विवरण बनाउन समेत सहयोग गर्नु पर्नेछ।

१२. **<u>रोजगारको खोजीमा रहेका व्यक्तिको वैयक्तिक दर्ता</u>** : (१) रोजगार सेवा केन्द्रले न्यूनतम रोजगारका लागि सूचिकृत बेरोजगारका अतिरिक्त रोजगारको खोजीमा रहेका वा हाल कायम रहेको रोजगारमा परिवर्तन गर्न चाहने जुनसुकै रोजगारमा संलग्न हुन चाहने व्यक्तिले श्रम बजारमा उपलव्ध रोजगार, स्वरोजगार तथा वैदेशिक रोजगार समेतका लागि आफुले काम गर्न चाहेको क्षेत्र, पेशा, व्यवसाय लगायतका विवरण सहित अनुसूची-२ को ढाँचामा वैयक्तिक विवरण दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वैयक्तिक विवरण रोजगार व्यवस्थापन सूचना प्रणाली मार्फत वा रोजगार सेवा केन्द्रमा जुनसुकै समयमा दर्ता गर्न सकिनेछ।

१३. **श्रमिकको माग तथा छनौट गर्न सक्ने :** (१) रोजगारदाताले आवश्यक पर्ने श्रमिकको आवश्यकता सम्बन्धी विवरण पत्र मार्फत वा अनलाईन प्रणाली मार्फत माग गर्नु पर्नेछ।

(२) रोजगार सेवा केन्द्रले उपदफा (१) बमोजिम माग भई आएमा दफा १२ को उपदफा (१) बमोजिम दर्ता कायम रहेको वैयक्तिक विवरणको आधारमा माग भए बमोजिमको विवरण सहितको श्रमिकको सूची माग प्राप्त भएको दश दिन भित्र सम्बन्धित रोजगारदातालाई उपलव्ध गराउनु पर्नेछ।

(३) रोजगारदाताले उपदफा (२) बमोजिम प्राप्त सूचीबाट उपयुक्त श्रमिक छनौट विधि प्रयोग गरी काममा लगाउन सक्नेछ र श्रमिक छनौट गर्दा रोजगारदाताले आवश्यकता अनुसार सम्बन्धित रोजगारदाताको श्रमिक छनौट विधि अवलम्वन गर्न सक्नेछ।

(४) रोजगारदाताले उपदफा (३) बमोजिम श्रमिक छनौट गर्दा तोकिएको सीप तथा क्षमता नभएमा वा न्यून भएमा रोजगार सेवा केन्द्रलाई जानकारी दिनु पर्नेछ।

१४. **श्रम बजारको माग बमोजिम सीप तथा क्षमता विकास :** (१) दफा १२ को उपदफा (२) बमोजिम प्राप्त विवरणको आधारमा रोजगार सेवा केन्द्रले रोजगारदाताको संलग्नतामा सीप तथा क्षमता विकास गरी रोजगारमा पदस्थापना गर्ने क्रियाकलाप सञ्चालन गर्न गराउन सक्नेछ।

(२) श्रम बजारको माग तथा उपदफा (१) बमोजिम सीप तथा क्षमता अभिवृद्धि गरी रोजगारमा पदस्थापन हुने संभावना भएको अवस्थामा सम्बन्धित रोजगारदाताबाट सीप तथा क्षमता विकास गरी रोजगारमा पदस्थापन गर्न अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव माग गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रस्तावलाई स्थानीय तहले दीर्घकालीन आर्थिक विकासमा सहयोग हुने प्रस्तावलाई प्राथमिकता दिनु पर्नेछ।

१५. **सीप तथा क्षमता विकासको लागि श्रमिकको छनौट :** (१) दफा १४ बमोजिमको सीप तथा क्षमता विकास गरी रोजगारमा पदस्थापना गर्न रोजगार सेवा केन्द्रले उपयुक्त श्रमिकको छनौट गर्नु पर्नेछ।

(२) स्थानीय तहले उपदफा (१) बमोजिम छनौट भएका श्रमिकले दश दिन भित्र अनुसूची-४ बमोजिमको ढाँचामा कबुलियतनामा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम छनौट भएका व्यक्तिलाई रोजगारदाताले सीप विकास पश्चात रोजगारमा पदस्थापना गर्ने सम्बन्धमा अनुसूची-५ बमोजिमको कबुलियतनामा गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम कबुलियतनामा गरेको रोजगारदाताले सीप तथा क्षमता विकास पश्चात रोजगारमा पदस्थापना नगरेमा वा उपदफा (२) बमोजिम श्रमिकले सीप विकास पश्चात रोजगारमा पदस्थापना नभएमा नकारात्मक सूचीमा राखी पुनः यस प्रकारको सेवा दिईने छैन।

१६. **रोजगार परामर्श तथा रेफरल सेवा प्रदान गर्ने :** (१) रोजगार सेवा केन्द्रले देहायका रोजगारमूलक सेवा, परामर्श र रेफरल सेवा तथा सुविधा उपलव्ध गराउनु पर्नेछः-

(क) रोजगार तथा स्वरोजगारको पदस्थापनाको सम्भावना,

(ख) श्रम बजारमा प्रवेशका लागि आवश्यक न्यूनतम योग्यता सम्बन्धी जानकारी,

(ग) रोजगारमा प्रवेशका लागि व्यक्तिगत विवरणको तयारी तथा आवेदन प्रक्रियामा सहयोग,

(घ) स्वरोजगारका अवसर, बजारीकरण र सम्भावित आम्दानी सम्बन्धी विवरण,

(ङ) वैदेशिक रोजगारमा संलग्न हुन चाहने व्यक्तिलाई आप्रवासन सम्बन्धी सेवा प्रदान वा रेफरल सेवा,

(च) आन्तरिक तथा वैदेशिक रोजगारमा संलग्न हुन आवश्यक सीप तथा क्षमताको जानकारी,

(छ) विभिन्न निकायबाट उपलव्ध हुने रोजगारमूलक तथा उद्यमशीलतासंग सम्बन्धी सहुलियतपूर्ण कर्जा र सुविधाको जानकारी।

(२) रोजगार सेवा केन्द्रले समयतालिका निर्धारण गरी नियमित वा निश्चित समय र स्थान तोकी रोजगार परामर्श र रेफरल सेवा प्रदान गर्न सक्नेछ।

१७. **रोजगार विनिमय सेवा सञ्चालन गर्ने :** (१) बेरोजगार र रोजगारदाता बीच सम्पर्क स्थापना गर्न एवम् श्रम बजारको माग बमोजिमको श्रमिक आपूर्ति गर्न रोजगार सेवा केन्द्रले रोजगार विनिमय सेवाको सञ्चालन गर्न सक्नेछ।

(२) रोजगार सेवा केन्द्रले रोजगारमूलक सेवा तथा सुविधाहरुमा बेरोजगार व्यक्तिलाई पदस्थापना गर्न सहजिकरण गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमका सहजिकरण गर्दा रोजगार सेवा केन्द्रले आवश्यकता अनुसार परामर्श र मनोपरामर्श सेवा प्रदान गर्न सक्नेछ।

१८. **रोजगार मेला सञ्चालन गर्न सकिने :** (१) स्थानीय तहको रोजगारको अवसरमा बेरोजगार तथा रोजगारको खोजीमा रहेका व्यक्तिहरु पदस्थापना गर्न प्रोत्साहन तथा सहजिकरण गर्न रोजगार सेवा केन्द्रले रोजगार मेलाको सञ्चालन गर्न सक्नेछ।

(२) रोजगार मेला सञ्चालन गर्दा सम्भावित रोजगारदाता, रोजगारमूलक सेवा तथा सुविधा प्रदान गर्ने सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रमा निकायहरुको सहभागिता सुनिश्चित गर्नु पर्नेछ।

(३) रोजगार मेला सञ्चालन गर्दा विभिन्न सञ्चार माध्ययमहरुको प्रयोग गरी रोजगारको खोजीमा रहेका व्यक्तिहरुलाई सूचना प्रवाह गर्नु पर्नेछ।

१९. **महिला लक्षित रोजगारका लागि तयारी क्लवको सञ्चालन गर्नु पर्ने :** महिलालाई श्रम बजारमा प्रवेश वा पुन: प्रवेश गराउन आवश्यक सीप तथा क्षमता विकास गर्न, परामर्श तथा मार्गदर्शन उपलव्ध गराउन रोजगार सेवा केन्द्रले रोजगारका लागि तयारी क्लवको सञ्चालन गर्न सक्नेछ।

२०. **श्रमको सम्मान राष्ट्रको अभियान सञ्चालन गर्ने :** आन्तरिक रोजगार प्रवर्द्धन र श्रम तथा श्रमिकको मर्यादा अभिबृद्धी गर्न श्रमको सम्मान राष्ट्रको अभियान सञ्चालन सम्बन्धी रणनीति, २०७८ ले तोकेका तथा स्थानीय आवश्यकता अनुसार श्रमको सम्मान राष्ट्रको अभियानका कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ।

२१. **रोजगार सम्बाद मञ्चको सञ्चालन गर्ने :** (१) स्थानीय तहले रोजगारको हकको प्रभावकारी कार्यान्वयन, स्थानीय तहमा उपलव्ध हुने रोजगारको अवसरको पहिचान, समस्याको निदान र रोजगारको क्षेत्रमा नविनतम उपाय र विधिको पहिचान गर्न रोजगार सम्वाद मञ्चको सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्वाद मञ्चको सञ्चालन गर्ने जिम्मेवारी स्थानीय निर्देशक समितिको हुनेछ।

(३) यस दफा बमोजिमको सम्वाद मञ्चले देहायका विषयमा स्थानीय तहलाई राय सुझाव प्रदान गर्नेछः-

(क) स्थानीय श्रम बजारमा श्रमिक, रोजगार तथा सीपको माग र आपूर्ति,

(ख) स्थानीय स्तरमा रोजगार प्रवर्द्धनका लागि आवश्यक नीति, बजेट र कार्यक्रमको निर्माण, सञ्चालनमा आएमा कार्यक्रमहरुको मूल्याङ्कन, प्रचारप्रसार आदि,

(ग) स्थानीय तहमा रोजगारको अवसरहरुको सम्भावनाहरुको पहिचान,

(घ) अन्तरतह र अन्तर निकाय एवम् रोजगारदाता, शैक्षिक प्रतिष्ठान लगायत विज्ञहरुसंग समन्वय र सहकार्य,

(ङ) रोजगारदातासंग प्रत्यक्ष सम्बन्ध विस्तार तथा सहकार्य,

(च) सार्वजनिक निजी अवधारणा मार्फत कार्यान्वयन हुन सक्ने रोजगारमूलक आयोजनाको पहिचान,

(छ) विभिन्न अध्ययन अनुसन्धान गर्न गराउन,

(ज) स्थानीय तहको आवश्यकता अनुसारका अन्य क्रियाकलाप।

(४) स्थानीय तहले आवश्यकता अनुसार अन्तरक्रिया, छलफल, गोष्ठि तथा सेमिनार आयोजना गरी सम्वाद मञ्चको सञ्चालन गर्न सक्नेछ।

२२. **वैदेशिक रोजगार सम्बन्धी सेवा प्रदान गर्ने :** स्थानीय तहले रोजगार सेवा केन्द्र मार्फत वैदेशिक रोजगार सम्बन्धी देहायका सेवा प्रवाह गर्नुपर्नेछः-

(क) वैदेशिक रोजगारमा संलग्न हुन चाहने व्यक्तिको श्रम स्वीकृति र पुन: श्रम स्वीकृतिमा सहजिकरण सम्बन्धी सेवा सञ्चालन गर्न सक्नेछ।

(ख) वैदेशिक रोजगारमा संलग्न हुने व्यक्तिहरुको लागि प्रचार प्रसार, अभिमूखिकरण तथा सूचना प्रवाह गर्ने, परामर्श, सुरक्षित आप्रवासन सम्बन्धी सेवा सञ्चालन गर्न सक्नेछ।

(ग) वैदेशिक रोजगारमा जाने श्रमिकका लागि आवश्यक पर्ने पूर्व प्रस्थान अभिमुखीकरण तालिम (प्रि डिपार्चर ओरियन्टेसन ट्रेनिङ्ग) सञ्चालन गर्न सक्नेछ।

(घ) सूरक्षित आप्रवासन संग सम्बन्धित विभिन्न निकायबाट उपलव्ध हुने सेवा तथा सुविधाको संयोजन गरी सेवा प्रवाह गर्ने।

२३. **पुन:एकीकरण सम्बन्धी सेवा प्रदान गर्ने :** रोजगार सेवा केन्द्रले सम्बन्धित निकाययसंग समन्वय र सहकार्य गरी वैदेशिक रोजगारबाट फर्किएका श्रमिक वा निजको परिवारलाई सामाजिक आर्थिक र पारिवारिक पुनर्मिलन, पुनर्स्थापना वा पुन:एकीकरण सम्बन्धी क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ।

२४. **अन्य श्रम तथा रोजगारमूलक सेवा प्रवाह :** (१) मन्त्रालयले श्रम, रोजगार तथा सामाजिक सुरक्षा सम्बन्धी सेवा सञ्चालन गर्ने गरी स्थानीय तहलाई जिम्मेवारी दिन सक्नेछ।

(२) स्थानीय तहले आवश्यकता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षासंग सम्बन्धित अन्य सेवा सुविधा सञ्चालन गर्ने गरी रोजगार सेवा केन्द्रलाई जिम्मेवारी दिन वा आवश्यकता अनुसार थप क्रियाकलाप सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद-५

## बजेट व्यवस्थापन तथा कार्यक्रम सञ्चालन

२५. **लागत साझेदारी गर्न सकिने :** यस कार्यविधी बमोजिम क्रियाकलाप सञ्चालन गर्न सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा अन्य निकाय वा प्रतिष्ठानबाट कार्यक्रम तथा श्रोतमा साझेदारी गर्न सकिनेछ।

२६. **बजेटको व्यवस्था :** (१) मन्त्रालयले रोजगार सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि बजेटको व्यवस्थापन गर्नेछ। मन्त्रालयबाट उपलव्ध हुने बजेट वित्तीय हस्तान्तरण मार्फत उपलव्ध गराउनेछ।

(२) मन्त्रालयले नमुना रोजगार सेवा केन्द्र सञ्चालनको लागि थप बजेट रकम उपलव्ध गराउन सक्नेछ।

(३) स्थानीय तहले नमूना रोजगार सेवा केन्द्रको सञ्चालनका लागि तोकिए बमोजिमको प्रतिशतमा बजेटको साझेदारी गर्नु पर्नेछ।

२७. **खर्च व्यवस्थापन प्रक्रिया :** (१) स्थानीय तहले रोजगार सेवा केन्द्रका लागि हुने खर्चको व्यवस्थापन गर्दा प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ।

(२) यस कार्यविधि बमोजिम सञ्चालन हुने क्रियाकलापका लागि विनियोजन भएको बजेटको आन्तरिक नियन्त्रण गर्ने, स्रेस्ता व्यवस्थापन गर्ने तथा खर्चको लेखाङ्कन एवम् प्रतिवेदन गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ।

(३) स्थानीय तहले आन्तरिक तथा अन्तिम लेखापरिक्षण गराई सोको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

२८. **रोजगार सेवा केन्द्रलाई स्थानीय तहले आन्तरिकीकरण गर्नु पर्ने :** (१) ऐन बमोजिम स्थापना भएका रोजगार सेवा केन्द्रलाई सम्बन्धित स्थानीय तहले आन्तरिकीकरण गर्नु पर्नेछ।

(२) स्थानीय तह मार्फत सञ्चालन हुने सीप विकास, उद्यमशीलता, श्रम र रोजगार सम्बन्धी सेवाहरु एकिकृत रुपमा रोजगार सेवा केन्द्र मार्फत सञ्चालन गर्न सक्नेछ।

२९. **समन्वय गर्नु पर्ने :** श्रम तथा रोजगारमूलक सेवालाई एकिकृत रुपमा सञ्चालन गर्न स्थानीय तहले अन्तर तह र अन्तरनिकाय समन्वय तथा सहजिकरण गर्नु पर्नेछ।

३०. **निर्देशन तथा सहकार्य :** यस कार्यविधी बमोजिम सञ्चालन हुने क्रियाकलापहरुलाई स्थानीय निर्देशक समितिले आवश्यकता अनुसार निर्देशन, अनुगमन र समन्वय गर्नेछ।

३१. **प्रतिवेदन पेश गर्नु पर्ने :** (१) रोजगार सेवा केन्द्रले यस कार्यविधि बमोजिम सञ्चालन भएका क्रियाकलापहरुको नियमित प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) मन्त्रालयले आवश्यकता अनुसार आफै वा अन्य निकायबाट अनुगमन तथा मूल्याङ्कन गर्न गराउन सक्नेछ।

३२. **<u>गुनासो गर्न सकिने</u> :** (१) यस कार्यविधि बमोजिम सञ्चालन भएका क्रियाकलाप तथा सहायताका सम्बन्धमा सम्बन्धित स्थानीय तह, जिल्ला प्रशासन कार्यालय तथा मन्त्रालयमा गुनासो गर्न सक्नेछ।

(२) प्राप्त गुनासोको सम्बन्धमा स्थानीय तह, जिल्ला प्रशासन कार्यालयन तथा मन्त्रालयले आवश्यक छानविन गर्नु पर्नेछ।

(३) प्राप्त गुनासोको सुनुवाई गर्नु पर्नेछ।

## परिच्छेद-६
## <u>विविध</u>

३३. **<u>पारदर्शिता र उत्तरदायित्व</u> :** यस कार्यविधिको कार्यान्वयन गर्दा प्रचलित कानुन बमोजिम पारदर्शिता र उत्तरदायित्व कायम गर्नु पर्नेछ।

३४. **<u>बाधा अड्काउ फुकाउन र व्याख्या गर्न सक्ने</u> :** मन्त्रालयले यस कार्यविधिको कार्यान्वयनमा आइपर्ने बाधा, अड्काउ फुकाउन वा कुनै द्विविधालाई स्पष्ट पार्न आवश्यक निर्णय गर्न सक्नेछ।

३५. **<u>अनुसूचीमा हेरफेर गर्न सक्ने</u> :** मन्त्रालयले यस कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

## अनुसूची-१

**(दफा ५ को उपदफा (२) संग सम्बन्धित)**

**<u>नमूना रोजगार सेवा केन्द्र सञ्चालनका लागि भौतिक संरचना</u>**

(क) पावर ब्याकअप,

(ख) बैठक कक्षसहितको सेवा प्रवाह कक्ष,


(ग) फर्निचर, कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, इन्टरनेट,

(घ) फरक क्षमतामैत्री सेवा सुविधा लिन सक्ने व्यवस्था,

(ङ) सफ्ट बोर्ड, सूचना पाटि तथा ह्वाइट बोर्ड,

(च) अन्य आवश्यक सामग्री।

नमुना लेआउट



अनुसूची-२

(दफा १२ को उपदफा (१) संग सम्बन्धित)

<u>रोजगारको खोजीमा रहेका व्यक्तिले भर्ने वैयक्तिक विवरणको फाराम</u>

१. <u>नाम</u>:……………………………..

<u>स्थायी ठेगाना</u>: …………… जिल्ला, …………. गाउँपालिका / नगरपालिका …… वडा ……….. टोल/वस्ती/वाडा ………. घर नंबर

<u>पत्राचार गर्ने ठेगाना</u>: …………… जिल्ला, …………. गाउँपालिका / नगरपालिका …… वडा ……….. टोल/वस्ती/वाडा ………. घर नंबर

<u>इमेल</u>: …………………………………..

<u>सम्पर्क फोन नं.</u> ……………………………… <u>मोवाइल नं.</u> …………………..

२. <u>नागरिकता प्रमाणपत्र नं.</u> ……………………… नागरिकता जारी भएको जिल्ला: …………

जारी मिति: ……………………….

(<u>राष्ट्रिय परिचय पत्र नं.</u> …………………………………………..)

३. <u>वैयक्तिक प्रोफाइल **(Summary Profile)**</u> : …………………… …………………………
………………….. ………..
………………………. ……………………….. ……………………………
………………………….. ……………… ……………..
………………………. ……………………….. ……………………………
………………………….. ……………… ……………..
………………………. ……………………….. ……………………………
………………………….. ……………… ……………..

<u>विशेषज्ञता / क्षमता / कार्य अनुभव रहेको क्षेत्र **(Specialist Area)**</u> :

(क) ………………………………..
(ख) …………………………………
(ग) ………………………………...
(घ) ………………………………..

<u>कार्य निर्वाह क्षमता **(Competency)**</u>:

(क) ………………………………..
(ख) …………………………………
(ग) ………………………………...
(घ) ………………………………..

४. <u>कार्य अनुभव **(Working Experience)** (पछिल्लो कार्यानुभवलाई पहिला राख्ने)</u>:

| संस्था / संस्था / प्रतिष्ठान **(Organization)** | सम्पादन गरेका कार्यहरु **(Performed Roles and Tasks)** |
|---|---|
| <u>संस्थाको नाम</u>:……………………… | (क)………….<br>(ख)…………. |

| | |
|---|---|
| **पद**:<br>…………………………<br><br>**रोजगार अवधि**:<br>………….. देखि ………… सम्म | (ग) …………..<br>(घ) …………..<br>(ङ) ………….. |
| **संस्थाको नाम**:………………………<br><br>**पद**:<br>…………………………<br><br>**रोजगार अवधि**:<br>………….. देखि ………… सम्म | (च) …………..<br>(छ) …………..<br>(ज) …………..<br>(झ) …………..<br>(ञ) ………….. |
| **संस्थाको नाम**:………………………<br><br>**पद**:<br>…………………………<br><br>**रोजगार अवधि**:<br>………….. देखि ………… सम्म | (ट) …………..<br>(ठ) …………..<br>(ड) …………..<br>(ढ) …………..<br>(ण) ………….. |
| | |

**(आवश्यकता अनुसार अनुभवको विवरण थप गर्न सकिने)**

५. **शैक्षिक योग्यता (Education)**:

| क्र.सं. | शिक्षण संस्थाको नाम र ठेगाना | शैक्षिक उपाधी | श्रेणी र प्रतिशत | उत्तीर्ण वर्ष | मूख्य विषयहरु |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

६. **सीपमूलक वा व्यावसायिक तालिम**

| क्र.सं. | तालिमको विषय | तालिम दिने संस्थाको नाम र ठेगाना | तालिम अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | | | | |

७. **भाषा:**

(१ सामान्य, २ मध्यम, ३ दक्ष र ४ मातृ भाषा)

| भाषा | बोल्ने क्षमता | पढ्ने क्षमता | लेख्ने क्षमता |
|---|---|---|---|
| ............. | | | |
| ............. | | | |
| ............. | | | |

८. **रोजगारमा संलग्न हुन चाहेको क्षेत्रहरु**

(क) **रोजगारमा संलग्न हुन खोजेको भोगोलिक क्षेत्र**

................ प्रदेश

................ जिल्ला

................ स्थानीय तह

(ख) **रोजगार खोजी गरेको क्षेत्रगत वर्ग**

- एकाउन्टिङ्ग/वित्तीय व्यवस्थापन
- आर्किटेक्चर/इन्टेरियर डिजाइनिङ्ग
- बैङ्किङ्ग/इन्सुरेन्स/वित्तीय सेवा
- कमर्सियल/लजिष्टिक्स/सप्लाइ चेन
- कन्स्ट्रक्सन/इन्जिनियरिङ्ग/आर्किटेक्ट
- क्रियटिभ/ग्राफिक्स/डिजाइनिङ्ग
- व्यवस्थापन/प्रशासन/अपरेसन
- स्वास्थ्य/फार्मा/वायोटेक/मेडिकल
- पर्यटन, होटल तथा अतिथि सत्कार
- मानवसंसाधन/अर्गनाइजेसनल डेभलपमेन्ट
- आइ.टि./टेलिकम्युनिकेसन
- पत्रकारीता/प्रशासक/मेडिया
- कानुनी सेवा
- मार्केटिङ्ग/सेल्स/एडभारटाइजिङ्ग/कस्टमर सर्भिस
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी/सामाजिक सेवा
- प्रडक्सन/मेन्टेनेन्स/क्वालिटि कन्ट्रोल
- प्रोटेक्टिभ/सेक्युरिटी सेवा
- अध्ययन अनुसन्धान र विकास सम्बन्धी
- शिक्षण/तालिम/खेलकुद
- अन्य (.......................................)

(ग) <u>रोजगार खोजी गरेको पद</u>

(क) विशेषज्ञ/वरिष्ठ स्तर

(ख) मध्यम स्तर

(ग) जुनियर स्तर

(घ) साधारण स्तर

(घ) <u>रोजगार खोजी गरेको समय</u>:

(क) पूर्णकालिन

(ख) पार्टटाइम

(ग) करार

(घ) फ्रिलान्सर

**(ङ) ट्रेनी**

९. <u>हालको रोजगारको अवस्था</u>

पूर्ण बेरोजगार/अर्ध बेरोजगार/पूर्णकालीन रोजगार वा स्वरोजगार

१०. <u>रेफरेन्स (यहाँको काम र क्षमताका सम्बन्धमा जानकारी दिन सक्ने व्यक्तिको विवरण)</u>

(क) (नाम)....................................

(पद)...................................................

(ठेगाना).........................................

इमेल: ....................................... सम्पर्क नं.: ....................................

(ख) (नाम)....................................

(पद)...................................................

(ठेगाना).........................................

इमेल: ....................................... सम्पर्क नं.: .......................................

१०. उपरोक्त विवरणहरु सत्य र पूर्ण रहेको प्रमाणित गर्दछु

हस्ताक्षर : ...........................

मिति : ........................

## अनुसूची-३

(दफा १४ को उपदफा (२) संग सम्बन्धित)

<u>रोजगारमा पदस्थापना गर्ने प्रतिवद्धता सहितको सीप विकास सञ्चालन गर्ने प्रस्ताव</u>

१. <u>प्रस्ताव पेश गर्ने</u>

संस्थाको नाम:......................................................

दर्ता/स्वीकृति नंबर: ......................................................

स्थापना भएको मिति:......................................................

कूल पूँजि:......................................................

संस्थाको परिचय :

………………………………………………………………………………..

………………………………………………………………………………..

………………………………………………………………………………..

………………………………………………………………………………...

सञ्चालक (हरु) को नाम:

………………………………………………………………………………..

………………………………………………………………………………..

सम्पर्क व्यक्तिको नाम

तथा सम्पर्क विवरण:

………………………………………………………………………………..

२. प्रस्ताव गरिएको क्रियाकलाप (हरु) को विवरण:

…………………………………………………………………………………………
……………………………

…………………………………………………………………………………………
……………………………

…………………………………………………………………………………………
……………………………

…………………………………………………………………………………………
……………………………

………………………………………………………………………………………………
……………………………
………………………………………………………………………………………………
……………………………

३. प्रस्ताव गरिएको क्रियाकलाप (हरु) सञ्चालनमा संस्थाको अनुभव:

………………………………………………………………………………………………
……………………………
………………………………………………………………………………………………
……………………………
………………………………………………………………………………………………
……………………………
………………………………………………………………………………………………
……………………………
………………………………………………………………………………………………
……………………………

४. सीप विकास पश्चात रोजगारमा पदस्थापना हुने श्रमिकको विवरण सङ्ख्या:

| पद | सीप विकास तालिमको प्रकृति | रोजगारमा पदस्थापना हुने सङ्ख्या |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

५. **आर्थिक प्रस्ताव**

| रोजगारको प्रकृति तथा पद | लाभग्राहीको सङ्ख्या | श्रमिकबाट रकम परिचालन गरिने अवस्थामा रु. | कार्यक्रमबाट सहयोगको अपेक्षा गरिएको रकम रु. | सम्बन्धित रोजगारदाताले सहलगानी गर्ने रकम रु. | कूल रकम रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| कूल | | | | | |

६. नियमित र आवधिक प्रगति प्रतिवेदन पेश गर्ने पद्दती:

..........................................................................................................

..........................................................................................................

७. सीप तथा क्षमता विकास र रोजगारमा पदस्थापना सम्बन्धी कार्ययोजना

नाम:..............................................

पद:..............................................

हस्ताक्षर:...................................

संस्थाको छाप

**नोट:**

१. कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गर्दा संस्थागत निर्णय पेश गर्नु पर्नेछ।

२. प्रस्तावसंग संस्था सञ्चालन गर्न इजाजत पत्र तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ।

३. प्रस्ताव गरिएको क्रियाकलापलाई सहयोग गर्ने अन्य आवश्यक कागजात संलग्न गर्न सकिनेछ।

**अनुसूची-४**

**(दफा १५ को उपदफा (२) संग सम्बन्धित)**

**तालिम लिने प्रशिक्षार्थी श्रमिकको कबुलियतनामा**

लिखितम .................... बस्ने ............................ को छोरा/छोरी .......................... को नाति/नातिनि बर्ष............को श्री/श्रीमती/सुश्री....................................ले श्री ......................... संस्था/प्रतिष्ठानमा.......................सीप तथा क्षमता विकास तालिम प्राप्त गरे पश्चात तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही न्यूनतम एक वर्ष सम्म सोही संस्था/प्रतिष्ठानले उपलव्ध गराएको रोजगारमा संलग्न हुनेछु। यदि यस कबुलियतना बमोजिम शर्त पालना नगरेमा कानून बमोजिम सहुँला बुझाउँला।

**तपसिल:**

१. उपलव्ध सीप तथा क्षमता विकासको क्रियाकलापमा संलग्न हुन तोकिएको मिति, स्थान र समयमा गई अनुशासित तथा जिम्मेवारीपूर्वक सहभागिता जनाउनेछु।
२. आफ्नो सीप तथा क्षमता विकास गर्न सिकेका विषयलाई प्रयोगमा ल्याउनेछु।
३. शारीरिक अपाङ्गता वा अशक्तता भएको अवस्था वाहेक सीप तथा क्षमता विकास पश्चात संस्था/प्रतिष्ठानले उपलव्ध गराएको रोजगारमा नियमितरुपमा कार्य गर्नेछु।

सीप तथा क्षमता विकासमा सहभागी हुने व्यक्तिको:

हस्ताक्षर: लाभग्राही परिचयपत्र नं. .....................

औठा छाप

| | |
|---|---|
| | |
| दायाँ | बाँया |

इति सम्बत २०..... महिना ...... गते .......... रोज .................. शुभम।

## अनुसूची-५

### (दफा १५ को उपदफा (३) संग सम्बन्धित)

### वित्तीय प्रोत्साहन लिने संस्था/प्रतिष्ठानले गर्नु पर्ने कबुलियतनामा

लिखितम जिल्ला ................... गाउँपालिका/नगरपालिका ............ वडा नं. ................. स्थित ...................................................... संस्था/प्रतिष्ठानको तर्फबाट अख्तियार प्राप्त म/हामी ............................................... ले देहायको विवरण भएका श्रमिकहरुलाई सीप तथा क्षमता विकास तालिम सञ्चालन गरी निजहरुलाई मिति ................ गते तहाँ गाउँपालिका/नगरपालिकामा पेश भएको प्रस्ताव बमोजिमको रोजगारको अवसरहरुमा पदस्थापन गर्न मञ्जुर छु/छौं। यदि यस कबुलियतना बमोजिम शर्त पालना नगरेमा कानून बमोजिम सहुँला बुझाउँला।

**तपसिलः**

१. तोकिएको मिति, स्थान र समयमा सीप तथा क्षमता विकासको क्रियाकलाप सञ्चालन गराउने छु/छौं।
२. सीप तथा क्षमता विकासको अवधि भर तोकिएको पारिश्रमिक उपलव्ध गराउने छु/छौं।
३. सीप तथा क्षमता विकास पश्चात देहायका प्रशिक्षार्थी श्रमिकलाई कम्तीमा १ वर्ष सम्म यस संस्था/प्रतिष्ठानमा नियमित रोजगारमा पदस्थापना गर्नेछु/गराउने छौं।

| क्र.सं. | श्रमिकको नाम, थर | ठेगाना | लाभग्राही परिचय पत्र नं. | रोजगारमा पदस्थापना हुने पद |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

संस्था/प्रतिष्ठानको तर्फबाट अख्तियार प्राप्त व्यक्तिः

नामः.......................................हस्ताक्षरः.........................................

संस्थाको छापः

इति सम्बत २०..... महिना ...... गते .......... रोज .................. शुभम।